# जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

# शिक्षा, कृषि, पर्यटन र पूर्वाधारः जयपृथ्वी नगरपालिकाको समृद्धिको आधार

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## सम्बोधन

नगरसभा अधिवेशनका उपाध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
सभाका सचिव ज्यू,
सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,
सञ्चारकर्मी साथीहरु लगायत सम्पुर्ण नगरवासी महानुभावहरु,

जयपृथ्वी नगरपालिकाको नगर प्रमुखको हैसियतले यस सम्मानित नगर सभामा नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

सर्वप्रथम नेपालको अग्रगामी परिवर्तन तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने सन्दर्भमा भएका विभिन्न आन्दोलन तथा संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।वेपत्ता तथा घाइते परिवार प्रति सम्मान व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र गणतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु, साथै उहाँहरुले पुऱ्याउनु भएको योगदानको पून: स्मरण गर्न चाहन्छु । साथै स्थानीय सरकार निर्माण देखि हाल सम्म प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नुहुने राजनीतिक दल, पत्रकार, शिक्षक, वुद्धिजीवी, सामाजिक अगुवा, आम जन-समुदायलाइ धन्यवाद दिदै आगामी दिनमा पनि यस नगरपालिकाले गर्ने हरेक कार्यमा यस्तै सहयोग सुझाव र सक्रिय भुमिकाको अपेक्षा गर्दछु ।

समुन्नत र समृद्ध नगरपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त नगरवासिहरुको समृद्धिको चाहना र निर्वाचनका क्रममा जनतासामु अभिव्यक्त गरेका प्रतिबद्धता पुरा गर्ने दिशामा हाम्रा नीति तथा कार्यक्रमहरु निर्दिष्ट हुनेछन भन्ने अपेक्षा हामिले लिएका छौ।

नगरसभाको यस अधिवेशनसम्म आईपुग्दा नगरवासी आम जनताले सुम्पिएको अविभारालाई पुरागर्न जिम्मेवार र संम्वेदनशिल भएर लागिरहेका छौ ।बाँकी अवधी पनि जयपृथ्वी नगरपालिकालाई विकास र समृद्धिको दिशातिर आकृष्ट गर्ने कुरामा हामी सधै आफ्नो जिम्मेवारी प्रति कटिबद्धभई लाग्ने प्रण गर्दछौ ।

२०७२ सालमा जारी भएको नेपालको संविधानले निर्दिष्ट गरेको नागरिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको माध्यमवाट स्थानीय तहको सरकारलाई सवल र समृद्ध बनाउन अल्पकालिन, मध्यकालिन र दीर्घकालिन सोच र लक्ष्यकासाथ स्थानीय सरकार क्रियाशील छ । सम्पूर्ण महिला, दलित, जनजाती, अपांग, आदिवासी, यौनिक अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मूल प्रवाहमा समावेश गराउन स्थानीय सरकार क्रियाशील छ । लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहदै स्थानीय सरकारलाइ सशक्त

र सवल वनाउने बाटोमा अग्रसर रहेको जानकारी गराउँन चाहन्छु । सिमित स्रोत साधनका विच जनताका असिमित र बढ्दो आकांक्षाहरु चाहना पुरा गर्नु पक्कै पनि चुनौतीपुर्ण कार्य हो । साथै हालका वर्षहरुमा राज्यसंयन्त्र प्रतिको आम नागरिकको चरम असन्तुष्टि, अविश्वास तथा निरासालाई लाई चिर्दै नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारप्रति आम नागरिकको विश्वास कायम गर्दै पालिकालाई विकास र समृद्धिको दिशातिर अग्रसर गराउन हामी सबै प्रतिबद्ध नै छौ । उल्लेखित अवस्थालाई दृष्टिगत गरी उपलब्ध स्रोत साधन र आवश्यकता विच तादाम्यता कायम गरी प्राथिमकताको आधारमा आवश्यकताको न्यूनतम सम्बोधन हुने गरी हाम्रा नीति तथा कार्यक्रमलाई अगाडी बढाउनु अतिउत्तम हुने कुरामा हामी सबै दृढसंकल्पित नै छौ ।

**नगरसभा सदस्यहरु,**

अब म आर्थिक बर्ष ०८१।०८२ मा लिईएका नीति तथा कार्यक्रम हालसम्मको कार्यान्वयनको अवस्था यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

**क) आर्थिक विकास तर्फ**

**कृषि तर्फ**

र्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक बर्ष ०८२।०८३ को नीति तथा कार्यक्रम

**सोच:**

"समृद्ध जयपृथ्वी नगरपालिका निर्माणको मूल आधार दिगो कृषि, पर्यटन, ब्यापार र उत्थानशिल पूर्वाधार"

**लक्ष्य:**

नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, सामाजिक, भौतिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समाबेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने ।

**उद्धेश्य**

१. स्वास्थ्य सेवा र शिक्षालाई गुणस्तरीय वनाइ स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने
२. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गरी स्वरोजगारी सृजना गर्ने ।
३. सवै प्रकारका रोग र विपदबाट नगरबासीहरुको जीबन रक्षा गर्दै स्थानीय जनजीवनलाई सहज र सुरक्षित बनाउने ।
४. उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी विकासको गतिलाइ निरन्तरता दिने ।
५. सार्वजनिक सेवालाइ प्रभावकारी वनाइ जनतालाई सुशासनको प्रत्याभुति दिने ।
६. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्ने ।
७. वातावरण र जैविक विविधताको संरक्षण गर्दै विपद ब्यवस्थापन र जलबायु परिवर्तनका असरहरु न्यूनिकरण गर्ने ।
८. पर्यटन प्रवर्द्धन सहित रोजगारीमा वृद्धि गर्ने

**प्राथमिकरण**

१. शिक्षा, स्वास्थ्य र सरसफाइमा जोड
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा व्यवसायीकरण
३. पूर्वाधार निर्माण
४. वनवातावरण तथा विपद व्यवस्थापन
५. प्रभावकारी सेवा प्रवाह र सुशासनमा जोड

**आधारहरु**

- ✓ २०७२ मा जारि भएको नेपालको संविधान, संविधानमा उल्लेखित नीतिहरु,
- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ✓ आवधिक नगर विकास योजना, २०७९-२०८४
- ✓ स्थानीय सरकारवाट जारी भएका ऐन,नियमावली, कार्यविधि, निर्देशिकाहरु
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु
- ✓ संघीय तथा प्रदेश सरकराले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- ✓ स्थानीय तहको वार्षिक योजना तथा वजेट दिग्दर्शन, २०७८
- ✓ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- ✓ सोह्रौ योजना
- ✓ दिगो विकासका लक्ष्य
- ✓ विकासका समसामयिक मुद्धाहरु(जस्तैः सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री क्रियाकलाप, पुर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु)
- ✓ विगतका वर्षहरुमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
- ✓ उपलब्ध स्रोत तथा साधनहरु
- ✓ नेपालले अन्तराष्ट्रिय जगतमा जाहेर गरेका प्रतिबद्धताहरु,
- ✓ जनताका माग तथा आवश्यकताहरु

**दिर्घकालिन नीतिहरु**

- ✓ सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी स्थानीय तहको सर्वाङ्गिण विकास गर्ने ।
- ✓ नगरपालिका क्षेत्र भित्र व्यवस्थित ल्याण्डफिल साइट, ब्यस्थित बसपार्क, सडक बत्ती, खेलमैदान जस्ता क्षेत्रहरुको प्राथमिकताको आधारमा योजना बनाई कार्यान्वयनमा ल्याइने छ ।
- ✓ सम्पूर्ण महिला, दलित, जनजाती, अपांग, आदिवासी, अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मुल प्रवाहमा समावेश गराउने ।
- ✓ बालवालिकाहरूमा गुणस्तरीय शिक्षाको माध्यमबाट समाज रूपान्तरणमा सहयोग पुग्नेछ।
- ✓ नगरपालिका भित्रका सडकहरुलाई कालोपत्रे तथा स्तरोन्नतीका लागि आवश्यक पहल गरिने छ ।

**क्षेत्रगत नीतिहरु**

**१. आर्थिक विकास**

**क) कृषि तथा पशुपालन क्षेत्र**

- हेफर इन्टरनेशनल नेपाल सँगको साझेदारीमा संचालित कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको समिक्षा गर्दै नागरिकको माग र आवश्यकतामा आधारित बनाई कृषि क्षेत्रको विकास र प्रवर्द्धनको नमुना कार्यक्रमको रुपमा अगाडी बढाईनेछ ।
- उत्पादित कृषि उपजहरुको उचित भण्डारण तथा संरक्षण गर्दै कृषि उपजको बजारिकरणको लागि नगरपालिकामा निर्माणसम्पन्न शितभण्डार गृहमा आवश्यक व्यवस्थापनको कार्य संगै आगामी आ.व. को सुरुवातमै सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाईनेछ ।

- रासायनिक मलको प्रयोगलाई न्युनिकरण गरी प्राङ्गारिक तथा कम्पोष्ट मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिईनेछ ।
- मागको आधारमा नभई उत्पादनको आधारमा कृषकहरुलाई अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।कृषि विमा कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बेमौसमी तरकारी खेतीलाई थप प्रोत्साहन गर्दै थोपा सिचाई, नहर सिचाई, मोटर, लिफ्ट सिचाई तथा पाईप सिचाईको उचित व्यवस्थापन गरी कृषियोग्य भुमिलाई सुविधाको पहुँच भित्र ल्याई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने तर्फ कृषि कार्यक्रमलाई आकृष्ट गराईनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक तथा यान्त्रिकरण गरी आर्थिक उपार्जन र रोजगारीको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ ।
- कृषिलाई सम्मानित पेशाको रुपमा विकास गर्न तथा कृषि पेशाप्रति युवाहरुलाई आकर्षित गरी अगुवा तथा सक्रिय कृषकहरुला पेशाप्रति उत्प्रेरित गर्न नगरपालिका भरीका कृषकहरु मध्यबाट १ जना कृषकलाई छनौट गरी उत्कृष्ट कृषक पुरस्कारद्वारा सम्मान गरिनेछ
- स्थानीय रैथाने बालीको संरक्षण प्रवर्द्धन र क्षेत्र विस्तार कार्यक्रम संचालन गरिने छ ।
- किसान सुचिकरण कार्यलाई आगामी आ व भित्रै सम्पन्न गरी सोको आधारमा कृषकको वर्गिकरण गरी अनुदान वितरण तथा कृषितर्फका अन्य कार्यक्रम छनौटको आधारको रुपमा अगाडी बढाईनेछ ।

- दुध उत्पादन बढाउन र नश्ल सुधारको लागि कृतिम गर्भाधन artificial insemination कार्यलाई बढि प्राथमिकता दिइनेछ ।
- पशु वस्तुलाई उचित पौष्टिक आहारको साथै वन वातावरण र जलवायुको उचित संरक्षणका लागि बहुवर्षीय नेपियर अम्रिसो जस्ता घाँस खेतीमा प्राथमिकता दिइनेछ ।
- खोरेत रेविज जस्ता रोगको नियन्त्रणका लागि आवश्यकता अनुसार खोपको व्यवस्था गरिने छ ।
- लोप हुन लागेका स्थानीय गाइ, भैसी, खरी बाख्राको आनुवंशिक स्रोत स्थापना गरी जातीय संरक्षणमा टेवा पुऱ्याइने छ ।
- रेविज, खोरेत जस्ता रोगहरु नियन्त्रणको लागि खोपको आवश्यकता अनुसार व्यवस्था गरिने छ ।
- बजारमा अनावश्यक रुपमा छाडा छाडिएका गाई गोरुको व्यवस्थापन गर्न कान्जीहाउस निर्माणको लागि पहल गरिने छ ।
- आन्तरिक तथा वाह्य परजीवी नियन्त्रणका साथै अन्य रोग व्याधिका लागि कृषक वर्गलाई आवश्यकता अनुसार औषधीको व्यवस्था गरिने छ ।
- पशु सेवा शाखाबाट टाढा रहेका स्थानमा कृषक लाई सेवा दिनको लागि पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।
- पशुपंक्षी रोगको अन्वेषण, नमुना संकलन तथा प्रेषण र इपिडीमियोलोजिकल सेवालाई निरन्तरता दिदै थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- रेविज जस्ता महामारी रोग फैलिन नदिन छाडा तथा घरपालुवा कुकुरको वन्ध्याकरणमा विशेष जोड दिइने छ ।

- जेनेटिक रोग सम्बन्धी जानकारी लागि नगरपालिकाको प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

**ख) उद्योग, बाणिज्य तथा रोजगार**

- गरिवीको रेखामूनी रहेका घरपरिवारका लागि स्थानीय स्रोत साधन परिचालन गरी स्थानीय स्तरमा नै उद्यमसिलता विकास मार्फत रोजगारी सृजना गरिने छ ।
- नगरपालिका भित्र रहेका सबै खाले बेरोजगार युवा श्रमिकहरुको विवरण संलकन गरी श्रमिक बंङ्क स्थापना गरि युवा लक्षित रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारीवाट फर्किएका वा स्वदेशमै वेरोजगार रहेका नागरिकहरुलाई मेडपा कार्यक्रम मार्फत सम्बोधन गरिने छ ।
- स्थानीय स्तरमा रहेका कच्चा पदार्थहरुको अध्ययन गरी सोही अनुसारको रोजगारमुलक कार्यक्रम संचालन गरिने छ ।
- ग्रामीण स्तरमा रहेका उद्यमीहरुलाई उद्यमशिलता तालिम प्रदान गरी सहभागितात्मक ग्रामीण लेखाजोखा PRA मार्फत सीप विकास तालिम प्रदान गरिने छ ।
- निर्वाहमुखी लघु उद्यमीहरुलाई व्यवसायी उद्यमीमा रुपान्तरण गरी विकास कार्यक्रम पश्चात आवश्यक प्रविधि हस्तान्तरण गरिने छ ।
- नगर क्षेत्रका लघु उद्यमीहरुले उत्पादन गरिएका बस्तुहरुको बजारीकरणका लागि आवश्यकताका आधारमा समन्वय र सहयोग गर्ने कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याइने छ ।
- पालिका भित्र रहेका रोजगारीका अवसरहरु खोजी गर्दै जव (Job) म्याचिङको लागि समन्वय कार्यलाई सुचारु गरिने छ ।
- संघीय सरकार सँगको साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरी रोजगारी सृजना गर्दै सेवा प्रवाह गरिने छ ।
- स्थानीय रोजगार संवाद मञ्चको माध्यमबाट पालिकामा हुने विकास निर्माणका कार्यहरुमा उपलब्ध भएसम्म स्थानीय श्रमिकहरुलाई अग्राधिकार तथा प्राथमिकतामा राखि रोजगारी दिने व्यवस्थाको सुनिश्चितताको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- रोजगारी सिर्जनाको आधारको रुपमा रहेका कृषि, पर्यटन, लघु उद्योगको विकासको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरिने रोजगार सिर्जनालाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सिप, अनुभव र दक्षतालाई पालिकाको विकासमा उपयोग गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी अगाडी बढिनेछ ।

**ग) पर्यटन :**

- नगरपालिका भित्र रहेका ऐतिहासिक पर्यटकीय स्थलहरुको पुर्वाधार विकास कार्यलाई निरन्तरता दिई संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- नगरपालिका क्षेत्र भित्रका धार्मिक, सास्कृतिक, पुरात्वात्तिक तथा ऐतिहासिक स्थानहरुको पहिचान गरी त्यस्ता क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पालिका भित्र रहेका मठ, मन्दिर, गुम्बा जस्ता धार्मिक स्थल तथा पुरातात्विक महत्वका सम्पदाहरुको उचित संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- परम्परा देखि लाग्दै आएका ठुला मेलाहरुको संरक्षण तथा उचित व्यस्थापन गर्ने प्रवन्ध मिलाईने छ ।

**घ) सहकारी:**

- नगरपालिका भित्र सञ्चालनमा रहेका सबै सहकारी सस्थाहरुलाई COPOMIS प्रणाली भित्र आबद्ध गर्दै नियमित र प्रभावकारी नियमनको माध्यमबाट सहकारीका मुलभुत सिद्धान्त अनुरुप सञ्चालन गरिनेछ।सहकारीको क्षमता विकासको लागि क्षमता विकासका विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- महिला सहकारीलाई प्राथमिकता तथा निरन्तरता दिइनेछ ।COM
- सहकारीबाट प्राप्त ऋणलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न सहकारीलाई प्रोत्साहित गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरुको समन्वय तथा साझेदारीमा डिजिटल साक्षरता कार्यक्रमलाई कार्यान्वयनमा ल्याइने छ

## २. सामाजिक विकास

**शिक्षा तर्फ**

शिक्षा नीति तथा कार्यक्रमहरू:

- शैक्षिक सत्र २०८२ लाई शैक्षिक गुणस्तर सुधारको वर्षको रूपमा लिइ प्रविधिमैत्री शैक्षिक क्रियाकलाप सञ्चालन गरिनेछ।
- आधारभूत तथा माध्यमिक तहका मुख्य विषय शिक्षणमा देखिएका समस्या समाधानका लागि विषयगत शिक्षकहरूको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- कमजोर सिकाइ भएका विद्यार्थीहरूको छुट्टै समुह निर्माण गरी सिकाइ आपुरणको लागि अतिरिक्त कक्षाहरू सञ्चालन गरिनेछन।
- विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरी प्रधानाध्यापक तथा शिक्षकहरूलाई विद्यार्थीहरूको सिकाइ प्रति जवाफदेहि एवम जिम्मेवार बनाइने छ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरी विद्यालयहरूको अनुगमन, मूल्याङ्कन तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछन।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शुक्रवार बुक फ्री डे सञ्चालन गरी अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूको व्यक्तित्व विकास गरिनेछ।

- सबै विद्यालयहरूमा इ हाजिर जडान गरी शिक्षकहरूको उपस्थिति बढाइ विद्यार्थीहरूको सिकाइ सुधार गरिनेछ।
- जयपृथ्वी नगरपालिकाका भित्रका विद्यालय उमेर समुहका सबै बालवालिकाहरूलाई विद्यालयमा भर्ना हुने वातावरण कायम गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।
- विद्यार्थीहरूको शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थित पार्न शैक्षिक क्यालेण्डर तथा पाठ्यक्रमले तोकेको विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्न विद्यार्थी अभिलेख पुस्तिकाको व्यवस्थापन गरिनेछ।
- विद्यालयमा भर्ना भएका विद्यार्थीहरू सिकाइ प्रभावकारी बनाउन अभिभावकहरूको संलग्नता बढाउन अभिभावक छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रस्तावित माध्यमिक विद्यालयहरूमा शैक्षिक सुधारकोलागि नगर शिक्षक अनुदानको निरन्तरता दिइनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिको लागि प्रधानाध्यापक बैठक तथा छलफल कार्यक्रम आयोजना गर्नुको साथै अनुगमन, निरीक्षण तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयका शिक्षकहरूलाई पाठ्यक्रम प्रयोग सम्बन्धि तालिम तथा पुनताजकि तालिम सञ्चालन गरिनेछ।
- सामुदायिक सिकाइ केन्द्रहरूको परिचालन गरी अभिभावक साक्षरता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- आधारभूत तहका विद्यार्थीहरूको पठन सस्कृतिको विकासका लागि समुदाय स्तरमा पढाइ मेला कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यार्थीको शिक्षण सिकाइ क्रियकलाप प्रभावकारी तुल्याउन प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।
- सबै विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात मिलाउन विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य निरन्तर गरिनेछ।
- विद्यालयहरूमा प्रबिधिमैत्री क्रियाकलापको माध्यमबाट शैक्षिक सुशासन कायम गरिनेछ।
- नगरपालिकाबाट एम बिबि एस छात्रवृत्तीकोटामा अध्ययन गरि रहेका विद्यार्थीहरूको छात्रवृत्ती रकमको निरन्तरता गरिएको छ।
- माध्यमिक विद्यालयहरूमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना र सुदृधिकरण गरि किशोरकिशोरीहरुलाई जीवनउयोगी सिप प्रदान गरी सकारात्मक समाज निर्माणमा अग्रसर गराइने छ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको वार्षिक परीक्षा नगरपालिका स्तरीय सञ्चालन गरी सबै विद्यालयहरूमा शिक्षण सिकाइमा एकरूपता कायम गरी मूल्याङ्कन गरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादन प्रणालीसँग आवद्ध गर्दै व्यवस्थापन गरिनेछ।
- विद्यालय दिवा खाजा प्रभावकारी तुल्याउन विद्यालयहरूमा भान्साघर निर्माणको कार्य निरन्तरता दिइनेछ।
- जिल्लास्तरीय शैक्षिक सम्मेलनको आयोजना गरी शिक्षा क्षेत्रका समस्याहरू उजारगर गरी शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू प्राथमिकिकरण गरी समाधान गरिनेछ।

- माध्यमिक तहका विद्यार्थीहरूलाई विद्यालय मार्फत रोजगारी तथा सकारात्मक स्रोत विकासको परामर्श सेवा सञ्चालन गरिनेछ।
- नागरिकहरूमा  राज्य प्रतिको चरम असन्तुष्टि, समाजमा व्याप्त निरासा, असन्तुष्टि, असमझदारीहरू प्रति सकारात्मक भावनाको विकास गराउन वडास्तरमा परामर्श सेवा सञ्चालन गरिनेछ।

**खेलकुद समितिः**

- स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मान्यतालाइ मूर्तरूप दिन विभिन्न खेलकुदको क्रियाकलापहरू सञ्चालन गरिनेछ।
- विद्यार्थीहरूको खेलकुद विकासको लागि एक विद्यालय एक ग्रासरूट कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यार्थीहरूलाई खेलकुद प्रति भावना अभिबृद्धि गर्न विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापको माध्यमबाट खेलकुदका कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा ख्याति प्राप्त खेलाडीहरूलाई सम्मान गरी खेलकुदमा थप उत्तप्रेरणा प्रदान गरिनेछ।
- नगरस्तरीय रनिङशिल्ड प्रतियोगिताको माध्यमबाट खेलाडी उत्पादन गरिनेछ।
- विद्यालयस्तरमा खेलकुद विकासको खेलमैदान निर्माणको लागि आवश्यक पहल गरिनेछ।
- जिल्लास्तरीय खेलकुद प्रतियोगितामा खेलाडीहरू सहभागी गराइ खेलकुद कौशलको विकास गरिनेछ।

**स्वास्थ्य तर्फ**

- १.पुर्णखोप सुनिश्चितता वडा तथा नगरपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोज र खोपको निति अवलम्बन गरी पुर्ण खोपको अवस्था सुनिश्चित रहेको घोषणा गरिनेछ ।
- २.-गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ । साथै ५ बर्ष मुनिका वालबालिकाको पोषण स्थिति सुधार गर्न  ६/६ महिनामा Vitamin A  र जुकाको औषधी खुवाईने छ र बिध्यालयका बालवालिका लाई  ६/६ महिनामा जुकाको औषधी र किसोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- ३-यस वर्ष ५ वटा स्वास्थ्य चौकीलाई ५ वटै परिवार नियोजनको साधन मैत्री  सेवा  र किशोरकिसोरी मैत्री स्वास्थ्य सेवा संचालन गरिनेछ ।
- ४-आमा र बच्चाको स्वास्थ्य सुधारका लागि पुर्व प्रसुती सेवा र उत्तर प्रशुती सेवा थप प्रभावकारी बनाउन स्वास्थ्यकर्मिहरु घरदैलो मा खटिनेछन । साथै आकस्मिक प्रसुति सेवामा गर्भवती महिलाहरुलाई थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस नगरपालिका बाट ब्यवस्था गरिनेछ ।

- ५- महिला सामुदायिक स्वास्थ्य स्वयंसेबिका हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरि मेडिक मोवाईल कार्यक्रम लाई निरन्तरता दिईनेछ र महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठकको यातायात खर्च वापत प्रति महिना रु ४०० का दरले प्रदान गरिने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- ६ मातृ तथा नवशिशु मृत्यु दर घटाउने उद्धेश्यका लागि गर्भवतीहरुलाई निशुल्क ग्रामिण भिडियो एक्सरे सेवा र परामर्श सेवा तिन तिन महिनामा संचालन गरिनेछ ।
- ७.समुदायमा आइपर्ने रोगहरु एवं माहामारीको रोकथाम,नियन्त्रणका लागि महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिने छ ।
- पालिकाभित्र क्षयरोगका बिरामिहरु घटाउने उद्धेश्यका लागि क्षयरोगका नयाँ रोगी पत्ता लगाउन जोखिम स्थानहरु पहिचान गरी निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरि उपचारको दायरामा ल्याईनेछ ।
- ९-जेष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिहरुको स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गर्न उनिहरुलाई लक्षित गरि प्रत्येक वडाका टोलहरुमा निशुल्क स्वास्थ्य परिक्षण चेकजाँच तथा उपचार सेवालाई निर्न्तरता दिईनेछ ।
- मानव स्वास्थ्यका लागि खतराको रुपमा रहेका मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्रिवितरणलाई नियमन गरी व्यवस्थित गरिनेछ । साथै न्युन गुणस्तरको मदिरा विक्रिवितरणमा लगाएको प्रतिवन्धलाई थप प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।
- १०-स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीहरुलाई निशुल्क औषधी उपचारको ब्यवस्था गरिनेछ ।
- ११- मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामिहरुलाई आर्थिक भार कम गर्न मासिक पाँच हजारका दरले चौमासिक रुपमा प्रदान गरिने सहुलियत कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- १२ समुदायमा नसर्नेरोगको स्कृनिङ गर्ने कार्यलाई निरन्तरता दिई उपचारको दायरामा ल्याईनेछ ।
- १३ नसर्ने रोगहरुको रोकथाम नियन्त्रणका लागि शारिरिक ब्यायाम एवं योगा कार्यक्रमलाई बिस्तार गरिनेछ ।
- १४.बिद्यालयमा बिद्यार्थिहरुलाई प्रारम्भिक स्वास्थ्य परिक्षण कार्यक्रममा पोषणको अवस्था लेखाजोखा चेकजाँच परामर्शलाई निन्तरता दिईनेछ ।
- १५.पोषण कार्यक्रमलाई लक्षित गरि यस बर्ष २ वटा वडालाई पोषण मैत्री वडा घोषणा गरिनेछ ।
- १६.समुदायमा ३० बर्ष माथिका महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोगको खोजपडतालका लागि स्कृनिङ कार्यक्रम संचालन गरिनेछ ।

## पोषण तर्फ

- नगरपालिका समग्र पोषण अवस्थाको विश्लेषण तथा पहिचान गरी कुपोषणको जोखिममा रहेका बालबालिका र बर्गलाई लक्षित गरि पोषण सुनिश्चितताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।सुनौला १००० दिनका आमालाई आर्थिक र सामाजिक रुपमा शसक्त बनाउन आय-आर्जन तथा सिप विकास कार्यक्रम सन्चालमा ल्याईनेछ ।
- पोषणमैत्री पालिका घोषणा गर्न विभिन्न कार्यक्रमहरु सन्चालन गरिनेछन ।
- कुपोषणको जोमिखमा रहेका बालबालिका तथा व्यक्तिहरूको पहिचान गरी पोषणको सुनिश्चितता गर्दै पोषणयुक्त समाज निर्माणको परिकल्पना गर्दै आवश्यक कार्यक्रमहरु अगाडी बढाईनेछ।
- जयपृथ्वी नगरपालिका भित्र रहेका कुनै एक टोलमा पोषण नमुना टोल कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीयस्तरमा उपलब्ध हुने पोषणयुक्त खानाको प्रवर्धन गरिनेछ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

## खानेपानी सरसफाई तथा भू- उपयोग तर्फ

- स्वच्छ खानेपानीको सहज पहुँच नपुगेका टोलबस्तिका नागरिकहरुलाई खानेपानीको व्यवस्थापन गर्न आवश्यक कार्यक्रमहरु अगाडी बढाईनेछ साथै पालिकाबाट सम्भव नभएका योजनाको हकमा प्रदेश तथा संघीय सरकारमा आवश्यक बजेट व्यवस्थापनको लागि पहल गरिनेछ ।
- जयपृथ्वी नगरपालिको N-Wash Plan लाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- सवै नागरिकलाई खानपानीको सहज पहुँचमा ल्याउन मुहान देखि मुखसम्मको अवधारणालाई क्रमिक रुपमा लागु गर्दै एक एक घर एक धारा निर्माण कार्यलाई प्राथमिकतासाथ अगाडी बढाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- जिल्लाकै सदरमुकाममा रहेको चैनपुर क्षेत्रको खानेपानी समस्यालाई दृष्टिगत गरी चैनपुर खानेपानी समितिलाई आवश्यक नियमन सहित थप व्यवस्थित रुपमा सञ्चालनमा ल्याईनेछ साथै मुहान संरक्षण तथा वैकल्पिक मुहान व्यवस्थापनको कार्यलाई समेत गम्भिरताका साथ अगाडी बढाईनेछ ।
- हाल सञ्चालनमा भईरहेका खानेपानी योजनाको सम्बन्धमा आवश्यक विवरण संकलन गरी मुहान दर्ताको प्रक्रिया भित्र समावेश गरी अव उप्रान्त निर्माण हुने योजनाको मुहान दर्ता गरेर मात्र निर्माण प्रक्रिया अगाडी बढाउने कार्यलाई कडाईकासाथ लागु गरिनेछ ।
- जयपृथ्वी नगरपालिकाको भू-उपयोग योजनालाई कार्यान्वयनमा ल्याईनेछ ।
- नगरपालिकाबाट सम्भाव्यता अध्ययन लगायतको कार्य सम्पन्न भई पालिकाको रोजगारी सृजनाको आधारको रुपमा देखिएको खानेपानी प्रशोधन उद्योग निर्माण कार्यलाई यसैआर्थिक वर्षबाट निर्माण प्रक्रिया अगाडी बढाई संघीय तथा प्रदेश सरकामा सिफारिस गरिनेछ ।
- जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट खानेपानी, सरसफाई, स्वच्छता क्षेत्रसंग सम्बन्धित भौतिक पुर्वाधारहरुमा हुने क्षतिको न्युनिकरण गर्न उपायहरुको अवलम्बन गरिनेछ ।

**लैंगिक समानता र सामाजिक समावेशिकरण**

- राज्य संयन्त्रका सबै तहमा महिला लगायतका सिमान्तकृत बर्गको पहुँच सुनिश्चित गर्न संरक्षण, क्षमता विकास र सशसक्तिकरणका कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- हिंसा प्रभावित महिलाहरूको संरक्षण तथा तत्कालिन उद्धार तथा व्यवस्थापन लैंगिक हिंसा निवारण कोष मा थप बजेटको व्यवस्थापन गर्दै प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- समाज रुपान्तरणको बाधकको रुपमा महिला हिंसा, बालबिबाह, बहुविवाह, जातिय छुवाछूत, विभेद तथा शोषणको अन्त्य गरी सभ्य सु समुन्ति समाज निर्माणको लागि आवश्यक सचेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- हिंसा प्रभावित महिलाहरूको पुनस्थापना, अल्पकालिन सरक्षणको मुल अभिष्ट बनाई स्थापित अल्पकालिन महिला सुरक्षित आवास गृह(सेफ हाउस) लाई अन्य पालिकाहरूसंगको समन्वय, सहयोग र सहकार्यमा थप व्यवस्थित रुपमा सञ्चालन गर्दै अपुरो भवन निर्माण कार्यलाई समेत आगामी आ व भित्र सम्पन्न गर्ने गरी प्रकिया अगाडी बढाईनेछ ।
- नगरपालिकाबाट संरचना निर्माण भई अलपत्र तथा बेवारिसे अवस्थामा रहेको बाल आश्रमलाई मर्मत संभार लगायतको आवश्यक व्यवस्थापन गरी पालिकाबाट निर्मित कानून बमोजिम आगामी आ व भित्रै सञ्चालनमा ल्याउने गरी प्रक्रिया अगाडी बढाईने छ ।
- असहाय, अशक्त, गरीब, विपन्न तथा जोखिममा रहेका बालबालिकोहरुको उत्थान, संरक्षण र सशक्तिकरणका लागि स्थापित बालकोषलाई थप बजेट सहित निरन्तरता दिदै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ साथै बालबालिको सर्वाङ्गिण विकासको लागि छुट्टै बालकोषको स्थापना गरी कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- एकल महिलाहरुलाई आर्थिक उपार्जन तथा उद्यमशिलासंग आवद्ध गरी आर्थिक आत्मनिर्भरता तिर उन्मुख बनाउँदै संरक्षण र सशक्तिरणको नीतिलाई अवलम्बन गरिनेछ ।
- अपाङ्गता परिचय तथा जेष्ठ नागरिक परिचयपत्र वितरणको लागि एकीकृत घुम्तीसेवा शिविर संचालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरु संग भएको ज्ञान, सिप र अनुभवन लाई अन्तरपुस्ता ज्ञान हस्तान्तरणको माध्यमबाट नगरपालिकाको विकासमा उपयोग गरिनेछ । साथै आफ्नो जिवन प्रति निरास ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भेटघाट लगायतका कार्यक्रमहरु सञ्चालन गरी सहज जिवनयापनको वातावरण सृजना गरिनेछ।

## न्यायिक सम्पादन

- न्यायिक समितिबाट सम्पादन हुने न्यायिक निरुपण तथा मेलमिलापको कार्यलाई छिटो, छरितो, निष्पक्ष र पारदर्शि रुपमा सम्पादन गरिनेछ ।
- न्यायिक समितिका क्षेत्राधिकार भित्र पर्ने सबै किसिम अधिकतम मुद्धा र समस्याहरुलाई न्यायिक समिति मार्फत समाधान गर्ने प्रणालीको विकास गर्न न्यायिक साक्षरता र कानूनी सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिका अन्तर्गत रहेका मेलमिलाप केन्द्रहरुको सुदृढिकरण गरि मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादहरु वडास्तरमै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ

- न्यायिक समितिका सदस्य सरोकारवाला कर्मचारीको क्षमता अभिबृद्दि गरी न्यायिक कार्य सम्पादनमा सुधार गरिनेछ।
- नगरपालिकाबाट हालसम्म निर्माण भएका कानूनहरुको कार्यान्वयको अवस्था मुल्यांकन गरी समयानुकुल संशोधन तथा आवश्यक कानून निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

## ३. पूर्वाधार विकास

**सडक, पुल तथा यातायात**

- जयपृथ्वी नगरपालिकाको यातायात गुरुयोजना निर्माण गरी सबै सडकहरुको Right of way निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ । निर्माण शुरु भई सम्पन्न हुन नसकेका खुड्युन सिचाई कुलो लगायतका योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।
- सडक अतिक्रमण तथा अधिकार क्षेत्र मिच्ने, सार्वजनिक जग्गा अतिक्रमण गरी संरचना बनाउने कार्यलाई कानूनी रुपमा दण्डनिय बनाई पुर्ण रुपमा निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै सञ्चालनमा रहेका सडकलाई स्तरोन्नती गरी बाह्रैमास सञ्चालनमा ल्याउने गरी सडक मर्मत तथा स्तरोन्नतीका कार्यलाई सडक बोर्ड नेपाल लगायतका संगको साझेदारीमा अगाडी बढाईनेछ । ।
- प्रत्येक वडाको केन्द्रलाई कालो पत्रे सडकसँग जोड्नको लागि प्रदेश तथा केन्द्र सरकारसँगको सहकार्यको अवधारणालाई अगाडी बढाइने छ ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई पुर्णता दिईनेछ ।वडा नं ३ र ८ को वडा कार्यालय भवनलाई आगामी आ व भित्रै निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडी बढाईनेछ ।
- नगरपालिकाको क्षेत्र भित्र रहेका सवै सडक खण्डहरुको क्रमिक रुपमा स्तरोन्नतीको कार्यलाई निरन्तरता दिइने छ ।
- आवश्यकताको आधारमा सम्भाव्यता अध्ययन गरी झोलुङ्गे पुल निर्माण कार्यको लागि पहल गरिने छ ।
- नगरपालिका भित्र निर्माण हुने योजनाहरुको गुणस्तर चेकजाँचका लागि ल्याब स्थापना गरी गुणस्तरीय पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरुको प्रवर्द्धन गर्न पदमार्गहरुको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइने छ ।

**सिंचाइ/खानेपानी**

- सिँचाईको सुविधा नपुगेका खेतियोग्य जमिनमा सिचाईको प्रबन्ध गर्न आवश्यक कार्यक्रमहरु अगाडी बढाईने छ । साथै पालिकाको स्रोतले सम्भवन नहुने योजनालाई आगामी बर्षहरुमा संघीय/प्रदेश समपुर/विशेष अनुदान तथा सो मा नसमेटिएका योजनाहरुलाई संघीय तथा प्रदेश सरकारमा सिफारिस गरिनेछ ।
- सिंचाइका वैकल्पिक स्रोतहरुको विज्ञ सम्मिलित टोलीबाट सम्भाब्यता अध्ययन गर्न पहल गरिनेछ
- कृषि योग्य भुमीमा सिंचाइ, कुलो निर्माण तथा मर्मत संभार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जोड दिइने छ ।

- कृषि, सिंचाइ, गरिवी निवारण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम संचालन गरिने छ ।
- सिंचाइ व्यवस्थापन भएका खेतियोग्य जमिनहरुको वर्गिकरण गरी आवश्यक साना ठूला सिंचाइ कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।
- सिचाइ कुलो, लिफ्ट सिंचाइ आयोजना, थोपा सिंचाइ र प्लाष्टिक पोखरी निर्माणमार्फत सिंचाइ कार्यलाइ व्यवस्थित गरिने छ ।

**भवन तथा सहरी विकास**

- नगरपालिका अन्तर्गत निर्माण हुने भवन संरचनाहरुलाई भवन संहिता मापदण्ड, नक्सापास मापदण्ड बमोजिम निर्माण गरी भुकम्प प्रतिरोधी संरचना निर्माणमा जोडदिईनेछ ।
- खरको छाएको घरहरुलाई मेयर जनता आवास कार्यक्रम अन्तर्गत आवश्यक बजेट विनियोजन गरी मापदण्डका आधारमा छनौट भएका घरहरुलाई जस्ता पाताले विस्थापन गर्ने कार्यलाई अगाडी बढाईनेछ ।
- जनता आवास अन्तर्गत प्रदेश सरकारको सहयोगमा घरवार विहिनलाई घर वनाउने कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।
- घरनक्सा पास तथा भवन संहिता मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिने छ ।
- भुकम्प प्रभावितहरुको अस्थायी आवास निर्माण कार्यलाई संघीय तथा प्रदेश सरकारको समन्वयमा यथाशिघ्र अगाडी बढाईने छ ।

**उर्जा**

- चैनपुर बजार लगायतका अन्य वडाहरुका बढी प्रयोगमा आउने सडकहरुमा सडक बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- वैकल्पिक उर्जा सम्वन्धी काम गर्ने गैरसरकारी संघ संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरपालिका भित्रका विद्युतिकरण हुन नसकेका टोलवस्तिहरुमा वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भब नभएका क्षेत्रहरुमा सौर्य उर्जाको प्रयोग गरी लिप्ट खानेपानी संचालनको लागि पहल गरिनेछ ।
- जलविधुत, बैकल्पिक उर्जाको अधिकतम प्रयोग गरी दैनिक जिवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग क्रमश: घटाइने छ ।
- परम्परागत इन्धनको प्रयोगलाई विस्थापित गरी विद्धुतिय चुलो प्रवर्दधन गरिनेछ।

**<u>सूचना तथा संचार प्रविधि</u>**

- सूचना तथा सन्चार प्रविधिको प्रयोगबाट सुशासन प्रवर्धन गरिनेछ ।
- नेपाल टेलिकमसंगको समन्वय र सहकार्यमा सम्पुर्ण नगरबासिहरुको घरमा ईन्टरनेटको पहुँच सुनिश्चित गरि सुचना तथा सन्चार प्रविधिलाई सबैको पहुँचयोग्य बनाईनेछ ।
- Open Data को अवधारणालाई अवलम्बन गरिनेछ ।

- सूचना तथा सन्चार प्रविधिको सिर्जनसिल प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाउन नविनतम प्रयासहरु गरिनेछन ।
- नगरपालिका अन्तरगतका कार्यालयहरुमा विधुतीय हाजिरी जडान गरिनेछ ।
- सूचना र सञ्चारः सर्वाङ्गिण विकासको आधार नीति अनुरुप पालिका तथा अन्तर्गतका सम्पुर्ण कार्यालयहरुपमा स्तरीय ईन्टरनेट सेवाको व्यवस्थापन गर्दै सेवा प्रवाहलाई सहज तथा सरलिकरण गरिनेछ ।
- डिजिटल साक्षरता (Digital Literacy) अभिवृद्धि गर्न पालिका स्तरीय डिजिटल साक्षरता कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ ।
- सम्पुर्ण नगरवासिहरुमा पहुँच पुग्ने गरि सूचना तथा सन्चार प्रविधि सम्बन्धि सचेतना कार्यक्रम लागु गरिनेछन ।
- सूचना तथा सन्चार प्रविधिको सिर्जनसिल प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहमा नविनतम प्रयोगहरु भैरहेका सन्दर्भमा उक्त प्रविधिमा कर्मचारीहरुको दक्षता अभिवृद्धि गरिनेछ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

### वन तथा वातावरण तर्फ

- जयपृथ्वी नगरपालिकालाई वातावरणमैत्री नगरको रुपमा विकास गरिदै लगिने छ ।
- वन तथा वातावरणको महत्व तथा संरक्षणको लागि जनचेतना मुलक कार्यक्रमको माध्यमबाट हरियाली वातावरण कायम गरिनेछ।
- सामुदायिक वनहरुको तथ्याङ्क सङ्कलन गरी वनबाट पालिकाको आम्दानी श्रोतको विकास गरिनेछ।
- हरियाली प्रवर्द्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।
- वृक्षारोपण, तट्वन्धन, नदी नियन्त्रण तथा जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिने छ ।
- वाढीपहिरो भु-क्षय तथा महत्वपूर्ण जडीवुटीको संरक्षण गर्न छाडा चरन, जथाभावी फडानी, वन अतिक्रमण जस्ता क्रियाकलापहरु रोकी वनजंगल संरक्षण र सम्वर्द्धन गर्न वनजंगलको संरक्षण गर्दै लगिने छ ।
- फोहरमैला व्यवस्थापन गर्न नागरिकहरूलाई जनचेतनामूलक कार्यक्रमको माध्यमबाट सरसफाइ कार्यमा प्रोत्साहन गरिनेछ।
- पानीका मुहानहरुको अभिलेख राखि परम्परादेखि प्रयोग हुँदै आएका, मुङ्ग्रा, पोखरी लगायतका पानी मुहानको संरक्षणको लागि खानेपानी मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- वनजन्य उद्योगको विकास र ब्यावसायिकरणका लागि स्थानीय नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ

### सरफाइ व्यवस्थापन

- चैनपुर बजार लगायतको फोहोरमैला व्यवस्थापनको लागि अस्थायी व्यवस्थापन केन्द्रको प्रबन्ध गरी फोहोर मैलाको अल्पकालिन व्यवस्थापन गरिनेछ ।
- जयपृथ्वी नगरपालिकाको वडा नं ३, ४ र ५ मा फोहोरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माणको लागि आवश्यक प्रक्रिया पुरागरी आगामी आर्थिक वर्ष भित्रै आवश्यक बजेटको व्यवस्थापन गरी निर्माण प्रक्रियालाई अगाडी बढाईनेछ ।
- बजार क्षेत्रको सरसफाइलाई विशेष जोडका साथै ढलहरुलाई सुधार गर्दै लगिने र फोहर एक ठाउँमा जम्मा गर्न डस्टवीनको व्यवस्था गरिने छ ।
- पूर्ण सरसफाई र फोहोरमैला व्यवस्थापर्नेकार्यमा संलग्न साझेदार संस्थाहरुसँग साझेदारी गरिनेछ.

- फोहोरमैला व्यवस्थापन र पूर्णसरसफाइ अभियानका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

**विपद ब्यस्थापन**

- नगरपालिकाले तयार पारेको विपद जोखिम नक्सांकनको आधारमा विपदको उच्च जोखिममा रहेका क्षेत्रहरुमा वृक्षारोपण कार्यक्रम, विपद पुर्व तयारी तथा प्रतिकार्य लगायतका विपद जोखिम न्युनिकरणका क्रियाकलापहरु अगाडी बढाईने छ ।
- विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल पालिकास्तरीय विपद व्यवस्थापन समिति, वडा विपद व्यवस्थापन समिति, यस क्षेत्रमा कार्यरत साझेदारी संस्थाहरुसंगको सहकार्यमा विपद व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाईनेछ ।
- जयपृथ्वी नगरपालिका भित्र विपद ब्यवस्थापनको क्षेत्रमा काम गर्ने संघ-संस्थाहरु सँग साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- जयपृथ्वी नगरपालिकाले हाल सम्म विपद ब्यवस्थापनको क्षेत्रमा ऐन, निर्देशिका, कार्यविधि र मापडण्डहरुलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइने छ ।
- विपद जोखिम पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालनमा ल्याइने छ ।
- विपद जोखिम क्षेत्र र वस्तीहरुमा संकटासन्नताको पहिचान र नंक्सांकन कार्यलाई निरन्तरता दिइने छ ।
- विपदमा परेका मानिसहरुलाई तत्काल खोजी कार्य गरि राहात र पुनस्थापनाको ब्यवस्था मिलाईने छ ।
- विपदमा परेका ब्यक्तिहरुलाई छिटो छरितो सेवा प्रवाहका लागी जनताको पहुचमा रहने गरी आपतकालिन कार्यसंचालन केन्द्र खुला रहने ब्यवस्था मिलाईनेछ ।
- आगलागी बाढी पहिरो नियन्त्रण रोकथामका लागी समुदायमा सचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- भुकम्पिय पुर्वतयारी तथा प्रतिकार्यका लागी बिद्यालय र समुदायमा जनचेतना मुलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

- **सर्वसुलभ, सरलीकृत, पारदर्शि तथा जनमैत्री सार्वजनिक सेवा : नगरपालिकाको समृद्धि र सुशासनमा पुग्नेछ टेवा** भन्ने मान्यता अनुरुप नगरपालिकाबाट प्रवाह हुने सेवामा नागरिक पहुँच सहज बनाउन र सेवाको दक्षता अभिवृद्धि गर्न अधिकतम रुपमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिनेछ र अनलाइन माध्यमबाट डिजिटल साक्षरता कक्षा सञ्चालन गरिनेछ।

- **हाम्रो नगरपालिका : हाम्रो साझा सम्पत्ति** भन्ने मूल्यमान्यता संस्थागत गर्ने गरी स्थानीय समुदायसँग जनसम्पर्क कायम गर्न **नागरिकसँग नगरपालिका अभियान** सञ्चालन गरिनेछ ।

- निर्णय प्रक्रियाको सरलीकरण तथा सार्वजनिकीकरणका लागि प्रविधि मार्फत सेवाको रुपान्तरण गरी निर्णय कार्यान्वयन प्रक्रियालाई शिघ्र र नतिजामुखी बनाउँदै लगिनेछ ।

- जिल्ला भित्रका पालिकाहरुसँगको समन्वय र सहकार्यमा जोड दिदै असल अभ्यास तथा अनुभवहरुको उपयोग गरी समृद्ध तथा सक्षम नगरपालिकाको रुपमा विकास गर्दै लगिनेछ ।

- पारदर्शिता, जवाफदेहिता, सहभागिता, कानूनी शासन, पुर्वानुमानयोग्य कार्यप्रणाली जस्ता सुशासनका अन्तरवस्तुलाई आत्मसात गरी आम नगरबासीमा सुशासनको प्रत्याभुत गर्ने कुरालाई प्राथमिकताकासाथ अगाडी बढाईनेछ ।
- नगरपालिका तथा अन्तर्गतका कार्यालयमा अनिवार्य रुपमा ई-हाजिरी प्रणाली जडान गरी कार्यान्वयनमा ल्याईनेछ । साथै पालिकाबाट प्रवाह गरिने सम्पुर्ण सेवा तथा गतिविधिहरुलाई क्रमशः विद्युतीय शासन प्रणली लागु गर्दै सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सरल र पारदर्शी बनाईनेछ ।
- पालिकाको सेवा प्रवाह एवं अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सूचना तथा अभिलेख केन्द्र स्थापना गरी कार्यान्वयमा ल्याईनेछ।
- नगरपालिकाको समग्र सेवा प्रवाह प्रति उत्प्रेरित गरी सेवा प्रवाहलाई थप प्रभावकारी कर्मचारी तथा जनप्रतिनीधिहरुको क्षमता तथा कार्यदक्षता विकासका लागि क्षमता विकास क्रियाकलाप संचालन गरिने छ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सार्वजनिक कार्यको नागरिकबाट मुल्यांकन गर्ने पद्धत्तिको विकास गरी सेवा प्रवाहलाई सुशासनको मर्म र मान्यता अनुरुप अगाडी बढाईनेछ
- जनगुनासो सम्बन्धी सुझाव तथा प्रतिक्रियालाई सिघ्र सुनुवाइ गर्ने संयन्त्रको विकास गरी जनउत्तरदायी सरकारको प्रत्याभुत गराइने छ ।
- सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता तथा वित्तीय अनुशासन कायम गरिनेछ।आर्थिक प्रशासनलाई थप पारदर्शी तथा मितव्ययी तुल्याईनेछ ।
- पालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवा प्रवाहलाई व्यवस्थित गरी सेवाग्राही मैत्री सेवा प्रवाहका लागि नागरिक सहायता कक्ष र एकीकृत सेवा प्रवाह प्रणाली सञ्चालनमा ल्याईनेछ ।
- प्रत्येक आर्थिक वर्षमा बार्षिक खरिद योजना निर्माण गरी कार्यालयबाट हुने सम्पूर्ण खरिद प्रक्रियालाई ब्यवस्थित गरिने छ ।सोझै तथा टुक्रेखरिदलाई निरुत्साहन गर्दै खरिदमा अधिकतम प्रतिस्पर्धा कायम गराई गुणस्तरीय वस्तु तथा सेवा खरिद गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- आन्तरिक लेखापरीक्षण, आन्तरिक नियन्त्रण प्रणाली, हल अडीट जस्ता कार्यलाई प्रभावकारी बनाई स्रोत साधनको मितव्ययी तथा दक्षतापुर्वक उपयोग गरी वित्तीय जोखिम न्युनिकरण गरिनेछ । साथै प्रभावकारी वित्तीय व्यवस्थापनका माध्यमबाट बेरुजुलाई न्युनिकरण गर्दै वित्तीय अनुशासन कायम गर्ने नीतिलाई आवश्यक कार्यक्रम तथा कार्योजना सहित अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागिता मुलक वनाइदै स्थानीय तहवाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभुति गराइने छ ।
- क्युर आर कोड जस्ता आधुनिक प्रविधिको प्रयोग गरी राजश्व प्रशासनको दक्षता तथा क्षमता बढाई सहज र सरल रुपमा राजश्व भुक्तानी गर्ने प्रबन्ध मिलाईने ।करको दरभन्दा दायरा बढाउने नीति अवलम्बन गरी पालिकाभित्र करका क्षेत्रहरुको पहिचान गरी सबै क्षेत्रलाई करको दायरामा ल्याउन आवश्यक कार्यक्रमहरु अगाडी बढाईने छ ।
- नगरपालिका भित्र स्रोतको पहिचान गरी नगरपालिकावाट लिइने कर, राजस्व, शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ ।

- नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा उतखनन् कार्यलाई पालिकाबाट स्वीकृत वातावरणीय प्रभाव मूल्यांकनको परिधिभित्र रही राजश्व संकलन कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- नगरपालिकाले हालसम्म संकलन गर्न नसकेको घर बहाल करलाई पालिकाबाट स्वीकृत कार्यविधिको आधारमा अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवालाई कर तथा शुल्क संग आवद्ध गरिने छ ।
- कालोबजारी, एकाधिकार जस्ता उपभोक्ता हित विरुद्धका क्रियाकलापहरुलाई निरुत्साहन गरी गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि बजार अनुगमनलाई थप प्रभावकारी बनाईनेछ ।

नगरसभा सदस्यहरु

कुनैपनि कुराको सफलता त्यसको प्रभावकारी कार्यान्वयनमा निर्भर हुने हुँदा उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा नै नगरपालिकाको विकास र समृद्धि थप ईटा थपिने कुरामा हामी सबै आशावादी र विश्वस्त छौ । तसर्थ प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजिवी, समाजसेवी, क्रियाशिल राजनीतिक दलहरु, सञ्चारकर्मी लगायत समस्त नगरवासीहरुको सकारात्क सहयोगको अपेक्षा समेत गर्दछौं ।

अन्तिममा

नीति तथा कार्यक्रम तर्जुमाको दौरानमा सहयोग गर्नुहुने नगर उप-प्रमुख ज्यू, नगरसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत शाखाका प्रमुख लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, सुझाव सल्लाह प्रदान गरी नीति तथा कार्यक्रमलाई थप जनमुखि तथा प्रभावकारी बनाउन सहयोग गर्नुहुने समस्त जयपृथ्वी नगरपालिका वासी आम जनताहरुलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

धन्यवाद